नेपाल सरकार

# खानेपानी महशुल निर्धारण आयोगको

# सूचना

भरतपुर खानेपानी व्यवस्थापन वोर्डले यस आयोग समक्ष मितिः २३ जेष्ठ, २०७० तथा २०७०/८/१४ को महशुल समायोजनको प्रस्ताव यस आयोगले अध्ययन तथा विश्लेषण गरी आयोग ऐन, २०६३ को दफा १३ अनुसार निम्नानुसार महशुल निर्धारण गरि उक्त ऐनको दफा १४ अनुसार सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सेवा प्रदायक भरतपुर खानेपानी व्यवस्थापन वोर्डको कायम गरिएको महशुल दर**

( २०७० फाल्गुन १ गते बाट लागु हुने )

| पाईप साइज | धारा किसिम | मिटर भएका धारा | | |
|---|---|---|---|---|
| | | न्यूनतम खपत लिटर | न्यूनतम महशुल दर रु. | बढी खपत महशुल दर रु. (प्रति हजार लिटर) |
| | | | कायम गरिएको | कायम गरिएको |
| १/२" | निजि/घरायसी | १०००० | १०० | १८ |
| १/२" | संस्थागत | १०००० | १३५ | २० |
| ३/४" | निजि,संस्थागत | २७००० | ९७५ | ३० |
| १" | निजि,संस्थागत | ५६००० | २०२० | ३० |
| पाईप साइज | **धारा किसिम** | **मिटर नभएको धाराहरु** | | **थप शाखा धाराहरु** |
| १/२" | निजि/घरायसी | २४००० | ८१० | ३०० |
| १/२" | संस्थागत | २४००० | १०८० | ५०० |
| ३/४" | निजि,संस्थागत | ६५००० | २७०० | २००० |
| १" | निजि,संस्थागत | १३५००० | ५४०० | ३३०० |

**अन्य सेवाशुल्कहरु**

| क्र. सं. | विवरण/आय शिर्षक | कायम गरिएको दर रु. |
|---|---|---|
| | | १/२ " |
| १ | निवेदनशुल्क | २००.०० |
| २ | धारा जडानशुल्क **(क)** | ४०००.०० |
| ३ | धरौटी | १०००.०० |
| ४ | नामसारी शुल्क, अंशवण्डा बाट प्राप्त गर्दा | ५००.०० |
| ५ | नामसारी शुल्क, अन्य तरिकाबाट प्राप्त गर्दा | १०००.०० |
| ६ | ठाउँसारी | २७००.०० |
| ७ | होलचेन्ज दस्तुर | ५००.०० |
| ८ | १/२" जि.आई. पाईप | परल मोल |
| ९ | मिटर बिक्री, १/२"**(ख)** | परल मोलमा १०% सेवा शुल्क लिई बिक्री तथा जडान गरिने |
| १० | फेरुल बिक्री,१/२"**(ग)** | परल मोलमा १०% सेवा शुल्क लिई बिक्री गरिने |
| ११ | ग्रहक कार्ड बिक्री | १०.०० |
| १२ | ग्रहक नम्बर प्लेट दस्तुर | १००.०० |

**(क)** समूहगत धारा तथा नेपाल सरकारको अधिकारिक निकायबाट विपन्न परिवार भनि परिभाषित भएको व्यक्तिलाई १/२" धारा जडान शुल्क र धरौटी रकमा ५०% छुट दिईनेछ ।

**(ख)** १/२ " भन्दा ठूलो धाराको हकमा जडान खर्च, धरौटी, नामसारी, ठाँउसारी र होलचेन्ज शुल्क लिंदा १/२ " धाराको दररेटमा ३/४ " र १" को लागि क्रमशः २.२५ र ४.०० ले गुणा गरि लिईनेछ ।

**(ग)** ग्राहकले गुणस्तरीय मिटर बजारबाट समेत खरिद गर्नसक्ने ।

**(घ)** ग्राहकले गुणस्तरीय फेरुल बजारबाट समेत खरिद गर्नसक्ने ।

**भरतपुर खानेपानी व्यवस्थापन वोर्डले पालना गर्नु पर्ने सेवा सुधारका सर्तहरु**

१) वोर्ड भित्र संचालित पानी उत्पादनका टयूववेलहरु Load shedding भएको अवस्थामा पनि चालु रहने कार्ययोजना ६ महिना भित्र बनाई आयोगमा पेश गर्ने र क्रमशः कार्वान्वियन गर्दै २ वर्ष भित्र २४ सै घण्टा चालु रहने अवस्थामा पुर्‍याउने ।

२) भरतपुर खानेपानी व्यवस्थापन वोर्ड अन्तरगत संचालीत तथा निर्माणाधिन खानेपानी प्रणालीको सेवा सुदृढीकरणको लागि सम्बन्धित उपभोक्ता संस्थासंग बसी, सहमतीको कार्ययोजना बनाई ३ महिना भित्र आयोगमा पेश गर्ने र ६ महिना भित्र सेवा सुदृढीकरणका लागि पूर्वाधार निर्माणको थालनी गर्ने ।

३) चुहावट नियन्त्रण कार्य प्रभावकारी बनाउन वितरण लाइनहरुमा वल्क मिटर १ वर्ष भित्र जडान गरि चुहावट मापन तथ्य परक बनाउने । हाल भई रहेको चुहावट नियन्त्रण र न्यूनिकरणको कार्ययोजना बनाई १ महिना भित्र आयोगमा पेश गर्ने र प्रभावकारी कार्वान्वयन गरि नियन्त्रण गर्ने ।

४) वोर्डको सांगठनिक संरचना प्रभावकारी बनाउन विशेषज्ञको सेवा लिई चुस्त र प्रभावकारी सांगठनिक संरचना तैयार गरी १ वर्ष भित्र आयोगमा पठाउने र क्रमशः कार्वान्वयन गर्ने ।

५) वोर्डको Webpage बनाई वोर्डका गतविधिहरु, नयाँ धारा जडान सम्बन्धि फारमहरु, वोर्डको कार्यसंचालन नियमावली, पानी वितरणको तालिका तथा सबै टयूववेलहरुको कच्चापानी तथा प्रशोधित पानीको गुणस्तर प्रत्येक महिना वेवमा राख्ने ।

६) पुरानो बक्यौता महशुल रु. ८२,०४,८७१।५५ भएकोमा उक्त महशुल असुलीको प्रभावकारी योजना बनाई ३ महिना भित्र आयोगमा पेश गर्ने र १ वर्ष भित्र पुरानो बक्यौता ५०% उठाउने व्यवस्था मिलाउने । साथै नयाँ असुली ९०% कायम गर्ने व्यवस्था गर्ने ।

७) ह्रास कट्टी गरी स्थिर सम्पति प्रभावकारी रुपमा व्यवस्थापन गर्ने ।

खानेपानी महशुल निर्धारण आयोग
नयाँबानेश्वर, काठमाडौं ।
फोन नं. ४४६९०५३ः Email : info@wstfc.gov.np